म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ९४ बिहीबार २९ कात्तिक २०८१ ने. सं. ११४५ कछलाथ्व 14 November 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## विद्यार्थीलाई मानव बेचविखनविरुद्धको सचेतना

हेटौंडा, २८ कात्तिक/मनहरी गाउँपालिकाभित्रका ९ वटै वडाका विद्यार्थीलाई मानवबेचविखनविरुद्धको सचेतनामूलक अभिमुखीकरण दिइएको छ । प्रशिक्षक राष्ट्रिय मानवअधिकार आयोग बागमती प्रदेशका निमित्त कार्यालयप्रमुख उपसचिव पवनकुमार भट्टले प्रशिक्षण दिएका थिए । मानवअधिकार तथा मानवबेचबिखनका घटना र यसबाट जोगिन नागरिकले जान्नु पर्ने कुराको विषयमा जानकारी दिँदै प्रशिक्षक भट्टले आफ्नो टोलछिमेकमा यस्ता घटना हुनसक्ने भन्दै चनाखो रहन आग्रह गरे । नागरिकको नजिकको सरकार भएकाले स्थानीय सरकारले यस्ता कार्यक्रमलाई थप प्रभावकारी ढंगमा अभियानकै रुपमा सञ्चालन गर्नुपर्ने उनको भनाई छ । सामाजिक विकास समितिका संयोजक अनन्तप्रकाश अर्यालको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीको प्रमुख आतिथ्यता रहेको थियो ।

# बागमती सरकारको सयदिन: ३ वटा ऐन जारी, १३ किमि सडक कालोपत्रे

प्रतिक्षा न्यौपाने

हेटौंडा, २८ कात्तिक/ बागमती प्रदेश सरकारले ढिलो गरी १०० दिनको उपलब्धि सार्वजनिक गरेको छ । मुख्यमन्त्री बहादुरसिंह लामाले सयदिन पुगेको पनि १० दिनपछि अर्थात बुधवार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय परिसरमा उपलब्धि सार्वजनिक गरेका हुन् ।



मुख्यमन्त्री लामाले नीतिगत र कानुनी सुधार, संवैधानिक नियुक्ति तथा अन्य निकायमा लामो समयदेखि रिक्त पदमा परिपूर्ति, सार्वजनिक प्रशासन तथा जनशक्ति प्रशासन, पूर्वाधार निर्माण, स्वास्थ्य, सामाजिक, कृषि तथा पशुपन्छी क्षेत्रको विकास, युवा तथा खेलकुद, प्रदेशको वित्तीय अवस्था र सार्वजनिक खर्च व्यवस्थापनलगायत नीतिगत र संस्थागत उपलब्धी समेटेर सयदिनको प्रगति प्रस्तुत गरे ।

लामाले अघिल्लो सरकारकै पालामा तयार भएका तीनवटा कानुन प्रदेशसभाबाट जारी भएको विषयलाई पनि उपलब्धिका रुपमा समेटेका छन् । यसअवधिमा विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष ऐन, २०८१, प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन ऐन, २०८१, प्रदेश स्वास्थ्य सेवा (पहिलो संशोधन) ऐन, २०८१ जारी भएको लामाले बताए । 'सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धि' दीर्घकालीन सोचसहितको प्रदेशको दोस्रो आवधिक योजना कार्यान्वयन गरिएको उनको भनाई छ ।

लामाले यस अवधिमा प्रदेश लोकसेवा आयोगको सिफारिसमा विभिन्न तह र सेवाका १७९ कर्मचारीको नियुक्ति, प्रदेश र स्थानीय तहमा कार्यरत् कर्मचारी र पदाधिकारीको ५४ हजार ९ सय ४३ थान सम्पत्ति विवरणको अभिलेख गरिएको, प्रदेश सेवातर्फ ४१ वटा सरुवा, ९ अध्ययन विदा स्वीकृत, ३० वैदेशिक तालिम मनोनयन, ९३ बढुवा सिफारिस र स्थानीय तहतर्फ १५८ वटा सरुवा भएको जनाएका छन् ।

मन्त्री अमनकुमार मास्केले नेतृत्व गरिरहेको भौतिक पूर्वाधार विकास मन्त्रालयबाट कार्यसम्पादक भएका पूर्वाधार विकासतर्फ १३ किलोमिटर सडक कालोपत्रे, ११ किलोमिटर सडक ढलान, २२ किलोमिटर ग्राभेल, २७ किलोमिटर नयाँ ट्र्याक, ४ वटा सडक पुल, १ वटा झोलुङ्गे पुल र ३ वटा सामुदायिक भवन निर्माणकार्य सम्पन्न भएको लामाले आफ्नो उपलब्धीमा समेटेका छन् ।

प्रदेशका रुग्ण आयोजनाको पहिचान र प्रदेश सरकारको प्रशासनिक भवन निर्माण योजनाको जग्गा प्राप्ति प्रक्रिया अन्तर्गत् राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारणका लागि राष्ट्रिय योजना आयोगमा पहल गरिएको जनाइएको छ ।

बागमती प्रदेश सरकारका मन्त्रालय तथा निकायको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन मुख्यमन्त्री र मन्त्रीहरुबीच कार्यसम्पादन गरिएको, प्रदेश सरकारका मन्त्रालय, निकाय तथा कार्यालयमार्फत् सबै जिल्लाबाट सार्वजनिक सेवाप्रवाहको कार्यलाई निरन्तरता प्रदान गरिएको, सेवा प्रवाहमा नागरिकको सरल पहुँच स्थापित गर्न विषयगत कार्यालय स्थापनामा जोड दिइएको मुख्यमन्त्री लामाले जानकारी दिए । यस अवधिमा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएकाहरुको हकहितको प्रवर्द्धन तथा जीवनस्तर सुधारका क्षेत्रमा प्रदेश सरकारले महत्वपूर्ण कार्य गरेको लामाको दाबी छ ।

प्राकृतिक विपद्को समयमा क्षतिग्रस्त भौतिक पूर्वाधारको मर्मत सम्भारका लागि द्रुतप्रतिकार्य टोलीको गठन, दशैंको पूर्वसन्ध्यामा भएको विपद्को कारण क्षतिग्रस्त प्रदेश राजधानी हेटौंडादेखि उपत्यका जोड्ने मुख्य तीन प्रादेशिक सडक तथा विभिन्न जिल्लाका सडकमा सवारी आवागमन सुचारु गरिएको, क्षतिग्रस्त सडक, सिँचाइ, खानेपानी लगायतका भौतिक संरचनाको पुन:निर्माण कार्य भइरहेको लामाले जानकारी दिए ।

मुख्यमन्त्री लामाले सामुदायिक विद्यालयका शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन, प्रदेशभित्रका स्थानीय तहको क्षमता विकासका लागि प्रदेश सरकारले गरेको वित्तीय हस्तान्तरण, क्षमता विकासका कार्यक्रम, वित्तीय लगानी र सहकार्यात्मक सहयोगले स्थानीय शासन सुदृढीकरणमा महत्वपूर्ण योगदान पुगेको, नीतिगत, संस्थागत, प्रक्रियागत तथा व्यवहारिक सुधारका कार्यबाट सार्वजनिक सेवाप्रवाहलाई सरल, सहज, गुणस्तरीय, जनमैत्री र पारदर्शी बनाई सुशासन प्रवर्द्धनमा योगदान पुगेको दाबी गरे ।

मुख्यमन्त्री लामाले कर्मचारी अभावका कारण कार्य सम्पादनमा चुनौती रहेको स्वीकार गर्दै विपद् व्यवस्थापनमा कानुनी जटिलताले समेत काम गर्न कठिन भएको बताए । गत असोजको बाढीपहिरोको क्षति न्यूनीकरणमा भने सरकारले केही महत्वपूर्ण काम गरेको जनाइएको छ । सरकारका अन्य उपलब्धिमा खानेपानी कार्यालय स्थापना र विद्युतीय चालक अनुमतिपत्र प्रणालीको विकास पनि समेटिएका छन् ।

मुख्यमन्त्री लामाले यस अवधिमा आफूले सरकारको जग बसाल्ने काम गरेको दाबी गरे । 'यसअवधिमा सरकारले फाउण्डेसन निर्माणको काम गरेको छ । अब नतीजामुखी काम देखिन्छ', उनले भने । कुनैपनि सरकार गठन भएको सय दिनमै उथलपुथल हुने गरी काम गर्न नसक्ने पनि उनको भनाई थियो । 'विपद्को समयमा सरकार ले धेरै काम गरेको छ । केन्द्रीय सरकारसँग नीति बाझिँदा केही समस्या पनि भएको छ,' उनले भने । मुख्यमन्त्री लामाले अघिल्लो सरकारले ल्याएको बजेटका कारण आफ्नो भिजनअनुसार काम गर्न नसकिएको बताए ।

मन्त्री तामाङको १०० दिन

# २१५६ नयाँ घरेलु उद्योग र फर्म दर्ता, प्रदेशभर प्रभावकारी बजार अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, २८ कात्तिक/ बागमती प्रदेशकी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री शुकमाया तामाङले मन्त्रालय सम्हालेको १०० दिनको कार्यप्रगति विवरण सार्वजनिक गरेकी छन् ।



गत ९ साउनमा मन्त्री नियुक्त भएकी तामाङले 'प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रदेशसभाबाट पारि तभई प्रदेश राजपत्रमा प्रकाशनपछि कार्यान्वयनमा आएको बताइन् । 'प्रदेश औद्योगिक व्यवसाय ऐन' र 'प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन' तयार गरी अन्य मन्त्रालयबाट राय लिई मन्त्रिपरिषद्मा पेश गर्ने प्रक्रियामा रहेको जानकारी दिइन् ।

मन्त्री तामाङले आर्थिक वर्ष २०८१/८२ का लागि स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याइएको बताइन् । उनले उद्यमी व्यवसायीलाई प्रोत्साहन गर्दै 'प्रविधि हस्तान्तरणसम्बन्धी कार्यविधि, २०७९' मा आवश्यक संशोधन गरी प्रविधि हस्तान्तरण कार्यक्रम अघि बढाउने योजना रहेको उल्लेख गरेकी छन् ।

यस्तै, अविरल वर्षा र बाढीका कारण उद्योगमा भएको क्षतिका विवरण संकलन गरी प्रदेश नीति तथा योजना आयोगमा पठाइएको छ । मन्त्री तामाङले 'नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८१' तर्जुमा गरी उत्कृष्ट उद्यमीलाई सम्मान गर्न यो वर्ष प्रदेशभरबाट १४ जना उद्यमी छनोट गर्ने योजना सार्वजनिक गरिन् ।

**साना र घरेलु उद्योगको प्रवर्द्धन**

साना, घरेलु तथा लघु उद्योगको प्रवर्द्धनमा पनि मन्त्रालयले स्थानीयस्तरमा स्वरोजगारी सिर्जना गर्ने नीति अनुसार तालिम कार्यक्रमको मस्यौदा तयार गरी आर्थिक मामिला मन्त्रालयमा राय माग गरिएको मन्त्री तामाङले जानकारी दिइन् । चालु आर्थिक वर्षमा मात्रै करिब २ हजार १ सय ५६ नयाँ उद्योग र व्यापारिक फर्म दर्ता भइसकेको छ ।

**बजार अनुगमनमा सक्रियता**

दशैं, तिहारलगायत चाडपर्वमा कालोबजारी नियन्त्रण र उपभोक्ता संरक्षणका लागि नियमित बजार अनुगमन गरिएको मन्त्री तामाङले बताइन् । यसक्रममा १३ वटै जिल्लाका उद्योग तथा वाणिज्य कार्यालयले करिब ५ सय ४५ फर्मको अनुगमन गरी ६ लाख ५५ हजार जरिवाना र म्याद नाघेका सामग्री नष्ट गरिएको उनले बताएकी छन् ।

मन्त्रालयले नापी कार्यालय मकवानपुरमा सर्भेपार्क निर्माण तथा गण्डकी प्रदेशको अनुभवको आधारमा चाक्लाबन्दीको सम्भाव्यता अध्ययन गर्ने कार्यको थालनी गरेको छ । साथै, भूमि व्यवस्थापन नीति, औद्योगिक नीति, वाणिज्य नीति लगायत नीति तर्जुमा गर्ने अवधारणापत्र निर्माण प्रक्रियामा रहेको उनले जानकारी दिइन् ।

मन्त्री तामाङले कानूनी र व्यावहारिक समस्याको सामना गर्दै मन्त्रालयले विभिन्न चुनौतीका बीचमा महत्वपूर्ण कार्य सम्पन्न गरेकोमा खुशी व्यक्त गरिन् । 'जहाँ चुनौती हुन्छ, त्यहीं समाधानको बाटो खुल्छ । राज्यको चौतर्फी हितका लागि हामी निरन्तर क्रियाशील रहनेछौं' उनले भनिन् ।

मन्त्री तामाङका अनुसार मन्त्रालयले प्रदेश लगानी बोर्ड, भूमि बैंक स्थापनाका लागि नीतिगत आधार तयार गर्दै डिजिटल सूचना प्रणालीमार्फत् पारदर्शिता कायम गर्न जोड दिएको छ । मन्त्रीको सयदिने कार्यकालमा बागमती प्रदेशको औद्योगिक, वाणिज्यिक, र प्रशासनिक सुधारमा देखिएका यी उपलब्धिलाई उनले राज्यको हितमा नयाँ आयामको थालनीका रुपमा लिएकी छन् ।

# मुख्यमन्त्री लामालाई माओवादी केन्द्रको ८ बुँदामा ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, २८ कात्तिक/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामालाई नेकपा (माओवादी केन्द्र) बागमती प्रदेश संसदीय दलले ८ बुँदामा ध्यानाकर्षण गराएको छ ।

पूर्वमुख्यमन्त्री तथा संसदीय दलका नेता शालिकराम जम्कट्टेल, पूर्वमन्त्री तथा प्रमुखसचेतक रत्नप्रसाद ढकाल, पूर्वमन्त्री कुमारी मोक्तानलगायतले सरकारले जनतामा आशा जगाउने खालका कार्यसम्पादन गर्न नसकेको आरोप लगाएको छ । बुधबार मुख्यमन्त्री कार्यलय हेटौंडामा ज्ञापनपत्र बुझाउँदै संसदीय दलका नेता जम्कट्टेलले सरकार गठन भएको एकसय दिन पुगिसकेको भन्दै प्रदेशको समग्र विकासमा सरकार केन्द्रित हुन नसकेको बताए ।

उनले सरकार संघीयताको मर्म र भावनाअनुसार सञ्चालन हुनुपर्नेमा जोड दिए । दलका नेता जम्कट्टेलले विकासको आकांक्षा र आवश्यकतालाई सम्बोधन गर्दै सरकार अगाडि बढनुपर्ने उल्लेख गरेका छन् । विभिन्न समयमा सर्वदलीय बैठकले गरेका निर्णय अविलम्ब कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

ध्यानाकर्षणपत्रमा संघीयताको संस्थागत शुद्धीकरण, सुशासन र प्रदेशको विकासमा केन्द्रित हुनुपर्ने माग राखिएको छ । गत असोज ११ र १२ गतेको बाढीपहिरोले प्रदेशका विभिन्न जिल्लामा जनधनको ठूलो क्षति भएका भन्दै पीडितका समस्यालाई तत्काल सम्बोधन गर्न माग गरिएको छ । माओवादीले करारका कर्मचारीलाई नहटाउन पनि सरकारको ध्यानाकर्षण गराएको छ ।

# मनहरी कपको सेमिफाइनल पुगे नमोबुद्ध र परेली

साझाकुरा संवाददाता

हेटौंडा, २८ कात्तिक/ नमोबुद्ध क्लव पदमपोखरी र परेली क्लव बस्तिपुरले दोस्रो चैनपुर जेसीज मनहरी कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा स्थान बनाएको छ ।

मनहरी गाउँपालिका-४ मसिनेस्थित पशुपतिनाथ माविको खेलमैदानमा बुधबार भएको पहिलो क्वाटरफाइनलमा नमोबुद्धले एफसी ढेंडोलाई २-१ ले हराउँदै अन्तिम चारमा स्थान सुरक्षित गरेको हो । ११ औं मिनेटमा आकाश रानाको गोलमार्फत् नमोबुद्धले खेलमा अग्रता लिएको थियो ।

४२ औं मिनेटमा सामुयल सुनारले फ्रीकिकमार्फत् सुन्दर गोल गर्दै अग्रता दोब्बर बनाए । ढेंडो एफसीका अस्मित दुराले ५५ औं मिनेटमा एक गोल फर्काए पनि टिमलाई हारबाट जोगाउन सकेनन् । नमोबुद्धमा सामुयल सुनार नै खेलको म्यान अफ द म्याच घोषित भए ।

दोस्रो खेलमा एफसी परेलीले जनसिद्ध युवा क्लवलाई २-० ले हराउँदै सेमिफाइनल भिडन्त पक्का गर्यो । पहिलो हाफ गोलरहित बराबरी खेलेको परेलीले दोस्रो हाफमा २ गोल थपेको हो । दोस्रो हाफको छैठौं मिनेटमा समीप ढकालको गोलमार्फत् परेलीले अग्रला लिएको थियो । त्यसको दुई मिनेटमै प्रिफ स्याङ्तानले अग्रता दोब्बर बनाए । जनसिद्धले गोलगर्ने केही राम्रो मौका पाएपनि सदुपयोग गर्न सकेन । खेलको म्यान अफ द म्याच परेलीका सलिल ढकाल घोषित भए ।

प्रतियोगितामा बिहीवार पहिलो खेल मनहरी-५ र मनहरी-२ को बीचमा हुनेछ भने दोस्रो खेल पदमपोखरी युनाइटेड र मकवानपुरगढी जेसीजको बीचमा हुनेछ । यही मंसिर ३ गतेसम्म सन्चालन हुने दोस्रो चैनपुर जेसीज मनहरी कप फुटबल प्रतियोगितामा मकवानपुरका १६ टिमको सहभागिता रहेको थियो ।

प्रतियोगिताको विजेताले एकलाख एकहजार १११ रुपैयाँ तथा उपविजेताले ५१ हजार १५१ रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ । यस्तै सर्वोत्कृष्ट खेलाडीले ७ हजार पाँचसय तथा अन्य विधागत उत्कृष्टले जनही नगद ३ हजार पाँचसय रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् ।

चैनपुर जेसीज मनहरीको आयोजना तथा मकवानपुर गाउँपालिकाको ४ नम्बर वडाको मुख्य प्रायोजन तथा मनहरी गाउँपालिकाको सहयोगमा प्रतियोगिता सन्चालन भएको हो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# अतिक्रमणको चपेटामा राजकुलो

पूर्वपश्चिम राजमार्गको राप्तीपुल नजिक मुहान भएको एउटा राजकुलो करिव ७ वर्षदेखि बाँभिएको छ । कुलो चलाउन नसकेर बाँझिएको होइन । यो कुलो करिब ७ किलोमिटर पश्चिम नवलपुर तल्लोतालसम्म पुग्छ । हेटौंडा-११ राजमार्ग भन्दा तल्लो तहको अधिकांश खेतमा सिंचाई पुग्ने यो कुलो किन बाँझो भयो त ? थोरै रकमले मर्मत हुने थियो तर, त्यो कुलोमा ध्यान पुग्न सकेन र अहिले संचालनमा छैन । जग्गा प्लटिङ गर्ने भूमाफियाकै कारण सिंचाई ठप्प भएको थियो । कृषिउपज आयात कम गर्नका लागि सरकारले खेतबारी बाँझै राख्नेलाई कारबाही गर्ने घोषणा गरेको भएपनि त्यो घोषणालाई यही एउटा कुलोले गिज्याएको छ । यो घोषणा कार्यान्वयन भयो भने सामान्य किसानले जरिवाना तिर्नुपर्ने नै छ । तर, उपमहानगरको एउटा वडाका सयौं विगाहा जग्गा सिचाईयोग्य भएर पनि अहिले बेवास्ताको चरम सिकार बनेको छ । हेटौंडा-११ को सयौं बिगाहा जमीनमा सिंचाई गर्ने राप्ती खोलाको ऐतिहासिक राजकुलोमा करिब ७ वर्षदेखि पानी बग्न छोडेपछि यहाँका किसान चिन्तीत छन् । हेटौंडाको राप्ती पुलको पश्चिममा रहेको मुहानबाट लगिएको कुलो भग्नावशेष अवस्थामा छ ।

पञ्चायतकालमा निर्माण भएको कुलोमा बिगत ७ बर्षदेखि एकथोपा पनि पानी बगेको छैन । कुलोमा पानी बग्न छोडेपछि किसानले रुवाबासी गरेपनि यसको कुनै उपाय थिएन । तत्काल कुलो मर्मत गरेर चलाउन माग किसानले गरेका छन् तर, कुनै शक्तिकेन्द्रले यो कुलो मर्मत गर्न रोकेको छ भन्ने कुरा किसानले थाहा पाउन सकेका छैनन् । राप्तीखोलाको मुहानमा कुलो केही मिटर सुरुङ बनाएर पानी आपूर्तिको व्यवस्था गरिएको थियो । थानाभन्ज्याङ, नवलपुर हुँदै सरस्वतीको तल्लो तालसम्म ७ किलोमिटर लामो कुलोमा पानी आपूर्ति हुन छोडेपछि थानाभन्ज्याङको २०० विगाहा, नवलपुर झोलुङ्गे पुलको १०० बिगाहा, तल्लोतालको १०० विगाहा भन्दा बढी जग्गा सिचाईयोग्य भएर पनि बाँझै रहेको छ । कुलो मर्मत गर्न किसानको काबु बाहिरको अवस्था रहेको र सरकारी निकायको ध्यानाकर्षण नभएको स्थानीयले बताए । किसानले धेरै ठाउँमा कुरा राखिसके, मन्त्रालयमा कुरा गर्दा बजेट छैन भन्छन् । वडाबासीको मर्का कुनै पनि निकायले सुनुवाई गरेको छैन । कुलो मर्मत गर्न कति रुपैयाँ लाग्ने हो भन्ने अनुमान पनि किसानले गर्न सकेका छैनन् । यो बजेट प्रदेश सरकार वा केन्द्रीय सरकारले बिनियोजित गर्नुपर्दथ्यो । स्थानीयको पहुँच पुगेन र लामो समयदेखि चल्दै आएको कुलो बन्द भयो । कुलोमा पानी नचलेको बहानामा ठूलाबडा र पहुँचवालाले आफ्नो खेतबारी प्लटिङ गरिरहेका छन् । भू-माफियाले कुलो बनाउन नदिएको आरोप स्थानीयले लगाएका छन् । ०७३ सालदेखि कुलो बन्द भएपछि सयौं किसान मार्कामा परेका छन् । डिपबोरिङ गर्ने योजना पनि स्थानीयले चर्चा गरिरहेका छन् ।

राप्तीको पानी सजिलै कुलोमा चल्ने अवस्थामा कुलो बाँझो राखियो भने डिपबोरिङको योजना झन महँगो हुनेछ । विद्युत महशुल तिर्नेदेखि यसको संचालन खर्च थेग्ने हैसियत किसानसँग हुने कुरै भएन । सिंचाई भएको अवस्थामा धान, मकै गहुँलगायतका अन्नबाली, नगदेबाली हुने गरेको थियो । अहिले जग्गा बाँझै रहेको छ । सरोकारवाला निकायले नियतबस कुलो मर्मतसम्भारमा वेवास्ता गरेको गुनासो स्थानीयको छ । बिगतमा कुलो मर्मत गर्न समिति बनाइएको थियो । समितिले प्रतिकठ्ठा वार्षिक एक सय रुपैयाँसम्म शुल्क उठाउने गरेको थियो । तर, अहिले समिति पनि सक्रिय छैन । सीमित व्यक्तिलाई कुलो नचल्दा खेतबारी प्लटिङ गर्न पाईने आशा पनि छ । उमहानगरको वडामा कृषिउत्पादन हुने जमिन बाँझै रहन्छ भने दूरदराजका गाउँबस्तीमा के होला ? सामान्य नागरिकले पनि सहजै अनुमान लगाउन सक्छ । युवालाई उत्पादनसँग जोड्ने र बैदेशिक रोजगारीका लागि खाडी मुलुक जानबाट रोक्ने ठूलो नारा घन्काउने सरकारी निकायले थाहा नपाएको हो र ? यो कुलो संचालनमा ल्याएर किसानले उत्पादन गरेको तरकारी हेटौंडा बजारमा बिक्री भएको हेर्ने दिन फेरि आउला त ?

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक २० गते शुक्रबार १५ नोभेम्बर २०२४ । पूर्णिमा, कात्तिक शुक्लपक्ष । कछलाध्व ११४५ ने.सं. । सूर्योदय ६:२६, सूर्यास्त ५:१० । गुरु नानक जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : रमाइलो यात्रा हुनेछ | **तुला** | : धार्मिक आस्था बढ्नेछ |
| **वृष** | : धन कमाउने योग परेको छ | **वृश्चिक** | : कल्याणकारी कार्यकोअवसर मिल्नेछ |
| **मिथुन** | : पश्चात्ताप लाग्नेछ | **धनु** | : अधिक परिश्रम गर्नु पर्नेछ |
| **कर्कट** | : शारीरिक आलस्यता बढ्नेछ | **मकर** | : मेहनतको फल पाइनेछ |
| **सिंह** | : सकारात्मक सोचाइ रहनेछ | **कुम्भ** | : कार्यभार र व्यस्तता बढ्नेछ |
| **कन्या** | : दया मायाका कार्य हुनेछन् | **मीन** | : व्यापार-व्यवसाय सामान्य रहनेछ |

# हाम्रो राजनीतिक व्यवस्थाको आर्थिक परिभाषा के हो ?

**राजनीतिक रूपमा हामीले यस्तै धेरै विशेषता एकअर्कासँग कसरी सम्बन्धित छन् र यी सबै विशेषतालाई कसरी समायोजन गर्ने भन्नेमा अझै पनि हाम्रो आफ्नै रणनीति निर्माण गर्न सकेनौं । माथि उल्लेख गरे बमोजिम एक दशक अगाडि हामीले नेपाललाई आगामी २, ३ र ४ दशकमा लोकतान्त्रिक बनाउने संकल्प गरेको हो ।**



✍ डा. सन्जिब हुमागाई

प्रजातन्त्रका अगाडि अनेक विशेषण लगाएर व्याख्या गर्ने प्रचलन संसारभर छ । २०४६ सालपछि नेपाली प्रजातन्त्रको अगाडि पनि हाइब्रिड वा विभेदकारी जस्ता विशेषणहरू प्रयोग भएका थिए । २०६२/६३ को जनआन्दोलन र नयाँ संविधान जारी गरिए पश्चात् नेपाली प्रजातन्त्रलाई लोकतन्त्र भनेर बोलाउन थालियो तर यसको अर्थ र मर्मको बहस भने अत्यन्तै कमजोर र अलोकप्रिय रह्यो । अझ त्यसमा पनि यसको आर्थिक परिभाषाले कहींकतै प्राथमिकता पाएको देखिंदैन ।

लोकतन्त्र के हो भन्ने बहसमा अक्सर जनताका लागि जनताद्वारा गरिने शासन व्यवस्था हो भन्ने प्रजातन्त्रको पुरानो परिभाषाले नै अझै पनि प्राथमिकता पाएको देखिन्छ । यो त २०४६ पछि पनि थियो होइन भन्ने प्रश्नमा 'पहिला राजा थिए प्रजातन्त्र भनिन्थ्यो' जस्ता उत्तरदेखि समावेशिताका नीति अवलम्बन गरिएका उत्तरसम्म सुन्न पाइन्छ । जुन दु:खबाट राजनीतिक परिवर्तन भएको थियो, त्यसको मर्म सहित आम सहमतिको लोकतन्त्रको साझा परि भाषा अझै पनि निर्माण नभएको अत्यन्तै दु:खद् परिस्थितिमा छौं हामी । यहाँ हामी एउटा विषयमा प्रष्ट हुनु आवश्यक छ । लोकतान्त्रिक संविधान जारी गर्दा हामीले नेपाल अब पूर्ण लोकतान्त्रिक मुलुक भयो भनेर घोषणा गरेको होइन ।

नेपाललाई क्रमिक रूपमा लोकतान्त्रिक मुलुक बनाउँदै लैजाने र सो प्रक्रियामा हुने धेरै खाले सकारात्मक परिवर्तनहरूका माध्यमबाट कालान्तरमा आर्थिक र सामाजिक विकास समेत हासिल गर्न आवश्यक आर्थिक, सामाजिक र राजनीतिक वातावरण सिर्जना गर्ने संकल्प गरेको हो । यस्ता व्यवस्थाहरू मार्फत नेपाली समाजका वर्तमानका द्वन्द्वलाई समाधान गर्ने सहमति गरिएको हो । त्यस अर्थमा लोकतन्त्र वर्तमानमा पूर्ण रूपमा अवलम्बन गर्ने भन्दा पनि भविष्यमा हासिल गर्ने व्यवस्था हो र संविधान जारी गर्दा पनि यो व्यवस्थाको संस्थागतीकरणमा गर्नुपर्ने धेरै काम छन् भन्ने स्वीकार गरिएको थियो ।

दुर्भाग्यवश, हामीले यस्ता प्राय: सबै प्रकारका संकल्पहरू बिर्सिसकेका छौं । त्यो समयको आत्मविश्वास पनि गुमाइसकेका छौं । तर यो पनि सत्य हो, त्यहीं संकल्पहरूमा जानु र त्यो आत्मविश्वास फेरि आर्जन गर्नुको हामीसँग विकल्प पनि छैन । यो लामो भूमिका पछि हामीले अहिले अभ्यास गरिरहेको लोकतन्त्रका तीन प्रमुख खम्बाहरू हेरौं । पहिलो खम्बा न्यूनतम प्रजातन्त्र हो । प्रजातन्त्रलाई परिभाषित गर्दा न्यूनतम आधारहरूमा केन्द्रित हुने र अधिक्तम आधारहरूमा केन्द्रित हुने दुई प्रमुख प्रचलनहरू छन् । न्यूनतम प्रजातन्त्र निर्वाचन मार्फत सरकार स्थापना गर्ने र त्यो सिलसिलामा नागरिकहरू स्वतन्त्र रूपमा उम्मेदवार बन्न पाउने, मतदानमा सहभागी हुन पाउनुपर्ने विषयमा मात्रै केन्द्रित वा सीमित छ ।

राजनीतिशास्त्री सुम्पेटरको यो परिभाषा अहिले पनि प्रचलित नै छ । अर्का राजनीतिशास्त्री सेबोरुस्खीले पनि त्यही कोणबाट सत्तामा रहेकाहरू पनि निर्वाचनमा पराजित हुन् सक्दछन् र निर्वाचन हारे पश्चात् सरकार छोड्नु नै लोकतन्त्र हो भनेका छन् । अधिकतम आधारहरूमा केन्द्रित परिभाषाहरू राजनीतिक शक्तिको बाँडफाँटदेखि निर्वाचन प्रक्रिया, नागरिक समाजको सहभागिता र सरकारको गतिविधि, राज्य सञ्चालनका प्रक्रियासम्म सबै विषयलाई समेट्ने गरेका छन् ।

निश्चित रूपमा न्यूनतम र अधिकतम आधारहरूका बीचमा रहेर पनि धेरै प्रकार र परिभाषाहरू छन् । २०७२ सालमा संविधान जारी गर्दा वा जारी गरे पश्चात् पनि हाम्रो ध्यान अझै प्रजातन्त्रका न्यूनतम आधारहरूमा मात्रै केन्द्रित छ । दोस्रो नेपाली लोकतन्त्रले उदार वादी दर्शनले प्रदान गर्ने सामाजिक एवं राजनीतिक समानताका सिद्धान्तहरूलाई मिश्रित रूपमा अवलम्बन गरेको छ । २०४६ साल पश्चात्को नेपाली प्रजातान्त्रिक अभ्यासलाई जातीय, क्षेत्रीय लगायत कोणबाट विभेदकारी रहेको टिप्पणीहरू थिए ।

त्यस्तो विभेद अन्त्य गर्न आइरिस योङले अक्सफोर्ड विश्वविद्यालय प्रेसबाट सन् २००० मा प्रकाशन गरेको पुस्तक 'इन्क्लुजन एण्ड डेमोक्रेसी'मा व्यक्त गरेका राय खासगरी जसको बारेमा निर्णय हुँदैछ, उसको सहभागिता छ कि छैनलाई प्रजातन्त्रको वैधता मापनको आधार बनाउनुपर्दछ भन्ने तर्कले सबैभन्दा धेरै ग्राह्यता पायो । तर हामी त्यतिमा मात्रै सीमित रहेनौं । सामाजिक एवं आर्थिक असमानतालाई न्यूनीकरण गर्न उदारवादी सिद्धान्त भित्र कसरी असमान नीति र सिद्धान्त अवलम्बन गर्न सकिन्छ भन्ने वकालत गरेका जोन रव्लस र उनका प्रखर अनुयायीहरू अमर्त्य सेनको क्षमता वृद्धि केन्द्रित सकारात्मक स्वतन्त्रता, विल किम्लीकाको बहुल संस्कृतिवादभित्रका असल अभ्यासहरूलाई समेटेका छौं ।

सबै नागरिक समान हुन् र उनीहरूलाई समान अवसर प्रदान गऱ्यो भने क्रमिक रूपमा आर्थिक, सामाजिक एवं राजनीतिक समानता हासिल गर्न सकिन्छ भन्ने सिद्धान्तले काम गर्न किन सकेन भन्ने प्रश्नको उत्तर खोजेका उदारवादी चिन्तकहरूले दिएका प्राय: सबै समाधानलाई अवलम्बन गर्ने प्रयत्न गऱ्यौं । तेस्रो, हाम्रो लोकतन्त्रले आरेन्ड लिज्पार्ट लगायतले तर्क गर्ने गरेको सहमतीय प्रजातन्त्रका धेरै पक्षलाई समेटेको छ । सन् १९९६ मा उनले आफ्नो आर्टिकल मार्फत भारतले अवलम्बन गरेको प्रजातन्त्र सहमतीय भएको र त्यस्ता विशेषताहरू नै भारतमा प्रजातन्त्रको व्यवस्थापनका आधार भएको व्याख्या गरे र त्यसलाई विश्वव्यापी रूपमा नै स्वीकार गरियो ।

सामाजिक पहिचानका आधारमा विभाजित देशहरूमा हरेक जात र क्षेत्रको सर कारमा (खासगरी बृहत् गठबन्धन मार्फत) प्रतिनिधित्वका लागि आवश्यक समानुपातिक लगायतका निर्वाचन प्रणाली, सीमान्तकृत समुदायलाई विशेष अधिकार र उनीहरूको अधिकार संरक्षण गर्न गैर-बहुमतीय सिद्धान्तहरूको अवलम्बन गर्दा सहमतिमा आधारित शासन प्रणाली सञ्चालन गर्न सकिने उनका तर्कहरूलाई हामीले धेरै हदसम्म स्वीकार गरेका छौं ।

राजनीतिक रूपमा हामीले यस्तै धेरै विशेषता एकअर्कासँग कसरी सम्बन्धित छन् र यी सबै विशेषतालाई कसरी समायोजन गर्ने भन्नेमा अझै पनि हाम्रो आफ्नै रणनीति निर्माण गर्न सकेनौं । माथि उल्लेख गरे बमोजिम एक दशक अगाडि हामीले नेपाललाई आगामी २, ३ र ४ दशकमा लोकतान्त्रिक बनाउने संकल्प गरेको हो । त्यसका लागि प्रष्ट रोडम्याप आवश्यक छ । हरेक राजनीतिक दलको आ-आफ्नै रोडम्याप चाहिन्छ र त्यो नै राजनीतिक प्रतिस्पर्धाको प्रमुख विषय हुनुपर्दछ । तर त्यति हुँदाहुँदै पनि एउटा तीतो सत्यलाई भने स्वीकार गर्नै पर्दछ । हाम्रो लोकतन्त्रका दुई प्रमुख आधारहरू, समानताको लागि असमान सिद्धान्त र गैर-बहुमतीय सिद्धान्तहरू न्यूनतम प्रजातन्त्रलाई मात्रै अवलम्बन गर्दा कदापि पूर्ण अभ्यास गर्न सकिंदैन ।

कि हामीले प्रजातन्त्रका अधिकतम आधारहरू अवलम्बन गर्ने राष्ट्रिय संकल्प गर्नुपर्दछ कि दोस्रा र तेस्रा सिद्धान्तको अभ्यासलाई केही समय स्थगन गर्नुपर्दछ । अहिले अभ्यासहरूका बीचमा प्रष्ट बेमेल छ । सिरकको खोल सिरानीमा हालेको जस्तो भएको छ । यसमा प्रष्टता र सुधार विना हाम्रो लोकतान्त्रिक अभ्यासमा तात्विक भिन्नता आउँदैन । राजनीतिक परि भाषा वा बहस मात्रै पर्याप्त भने छैन । हाम्रो लोकतन्त्रको दोस्रो प्रमुख खम्बा अर्थ समानताको लागि असमान सिद्धान्तमा आधारित भएर लोकतन्त्रको आर्थिक परिभाषाको बारेमा पनि बृहत् छलफल आवश्यक छ ।

हाम्रो संविधान र तत्कालीन समयको राजनीतिक सहमतिले नेपालले हरेक नागरिकहरूको क्षमता वृद्धिमा हुने सकारात्मक स्वतन्त्रता र सांस्कृतिक अवस्थाले व्यक्तिको स्वतन्त्रता निर्धारण गर्दछ भन्ने बहुलसंस्कृतिवादका सिद्धान्तहरूलाई अवलम्बन गरेको छ । पश्चिमा देशहरूमा यस्ता सिद्धान्तहरूको स्वीकारोक्ति र लोकप्रिय अभ्यास पछाडि आर्थिक आधार र तर्कहरू छन् । हरेक नागरिकहरूले आफ्नो सांस्कृतिक अभ्यासहरू स्वतन्त्रतापूर्वक गर्न पाउँदा र त्यसको सबैले सम्मान गरेको अनुभूति गर्दा मात्रै आर्थिक जीवनमा सृजनशील हुन् सक्छन्, कामप्रतिको लगाव वृद्धि गर्न सक्छन्, थप मिहिनेत गर्छन् । हिजो समाजसँग असन्तुष्टि बोकेको सदस्यहरूमा आएको यस्तो परिवर्तनले समाजमा शान्ति र सद्भाव वृद्धि गर्दछ । उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दछ ।

यसले क्रमिक रूपमा राज्यले दिनुपर्ने कल्याणकारी सेवालाई कमी गर्नदेखि धेरै क्षेत्रमा कर्मचारी कटौतीसम्मका सकारात्मक नतिजा निकाल्न सकिन्छ । त्यस अर्थमा बहुल संस्कृतिवादलाई पश्चिमा देशहरूले आफ्ना आर्थिक एवं सामाजिक समस्या समाधानको औजारको रूपमा स्वीकार गरेका थिए ।

के हाम्रो लोकतन्त्रको स्वीकारोक्ति पछाडि पनि यस्तै आर्थिक तर्कहरू छन् त ? छैनन् भने निर्माण गर्ने सुनौलो अवसर छ हामीसँग । जब हामीसँग राजनीतिक व्यवस्थाको आर्थिक परिभाषा हुन्छ अनि मात्रै त्यस्ता तर्कहरूमा आधारित भएर सबल राष्ट्रियताका सिद्धान्तहरू निर्माण गर्न सकिन्छ । जनतालाई एकबद्ध गर्न सकिन्छ । जनस्तरमा त्याग र सहकार्यको भावना सिर्जना गर्न सकिन्छ । फेरि राजनीतिक रूपमा अहिलेका द्विविधा र शंकालाई निराकरण गर्ने अस्त्र पनि हुन सक्दछ ।

*(साभार: अनलाइनखबर)*

# विकास हो कि साढे सातको दशा ? 'कन्फ्युज'

✍ रमेशकेशरी वैद्य

**हाम्रो देशमा सरकार तथा नेताहरु असफल हुनुको कारण ज्ञान र राम्रो भिजन नहुनु नै हो । यसबाहेक धेरै आसेपासे, कार्यकर्ता पाल्नुका साथै अनावश्यक अन्तर्वार्ता र भाषण अनि पार्टीका लागि हरेकतिरबाट सम्पति आर्जन गरिराख्नु पनि असफलताको कारण हो ।**

जब घर, समाज र देशमा एकोहोरो घमण्डी, खराब मानिसहरु सलबलाउँछन् र हाबी हुन्छन्, त्यहाँ सधैं साढे सातको दशाले घेरिराखेको हुन्छ । यस्तो अवस्थामा जब एक-अर्कामा राम्रा मानिसहरुले यस्तो समस्याप्रति कराउँछन्, प्रतिकार गर्छन् र संघर्ष गरेर आवाज उठाउने गर्दछन्, तब त्यहाँ साढे सातको दशा बिस्तारै कम हुँदै जान्छ ।

त्यसकारण यस प्रकारको लडाइँप्रति सबै व्यक्ति, समाज सजग भइराख्नुपर्दछ र साथ दिनुपर्छ, खालि सानो सोच बोकेर बस्नुहुँदैन, खालि कलहमा मात्र अल्झनुहुँदैन । देश चलाउने नेताहरु तथा निकायहरु व्यक्ति-समाजका लागि अभिभावकसरह हुन् । तर जब मुलुकमा स्वार्थी, लोभी र दुष्टहरुको राज हुन्छ, तब त्यो मुलुक र मानिसहरुका लागि दुर्भाग्य र सरापसरह नै हुन जान्छ । यसले गर्दा सबैलाई हानि र दुर्भाग्यसर ह नै भइरहन्छ । अहिले हाम्रो मुलुकको कहानी पनि यही नै हो । यिनीहरु यानेकि देश चलाउने खराबहरुले गर्दा देशमा भएका नागरिकहरुले पनि गलत किसिमले पैसा कमाउन र खराब कर्मलाई नै अपनाउन थाल्छन् ।

जस्तै- चार दशकदेखि देश अशान्त भइराख्नु र मानिसहरु खुशी नहुनुको कारण पनि यही नै हो । शायद यही कारणले होला, सुन्दर मुलुक भए तापनि भ्रष्टाचारको विकास, महँगी, बेरोजगारी समस्या र लुच्चा-फटाहाले गर्दा देशले विकराल रुप लिएको छ । यही कारणले गर्दा टाठाबाठा, राम्रा मानिस, युवापुस्ता विदेशिन बाध्य भएका छन् । देश विकास सुस्त हुनुको कारण यो पनि एक हो ।

अर्को कुरा, राम्रा बुद्धिजीवीहरु देश-विदेशमा अनि राजनीतिक क्षेत्रमा निकम्मा स्वार्थीजस्तो भएर जीवन बिताइराखेका छन् । शायद देशको हालतले यो उनीहरुको बाध्यता होला । हाम्रोजस्तो मुलुकमा देश चलाउने मात्र होइन, यिनीहरुलाई पैसाको लागि सपोर्ट गर्ने हो । केही हुनेखाने र टाठाबाठाको मात्र लाइफ स्टाइलको विकास भयो, धेरै जनमानसको जीवन सरल हुन सकेन । देशको अवस्था र कष्टकर जिन्दगीले गर्दा अब यसो मुलुक हेर्दा विकास देखिए पनि के काम लाग्यो र ? यसबाहेक मानिसहरुमा अल्छी रोग, चम्चा रोग, अल्झिने रोग, अज्ञानता रोगले गर्दा पनि देशको लागि दुर्भाग्य भएको छ । त्यसमाथि देशमा रहेका मानिसहरु कानमा तेल हालेर बस्नु, सधैं स्वार्थी प्रणालीलाई अपनाइराख्नु देशका लागि हानिकारक भएको छ । तर अब यसो हुनुभएन, मुलुक राम्रो र आउने पुस्ताको भविष्यका लागि सबै सजग भएर लागि पर्नुपर्छ ।

आखिर गरिब मुलुकहरुमा किन नेताहरु खराब हुन्छन् त ? यसमा मानिसहरुको आ-आफ्नै तर्क हुने गर्छ । कोही भन्छन्, विदेशीको इशाराले गर्दा । कोही भन्छन्, भ्रष्टाचारका कारण । कोही भन्छन्, आसेपासे खराब र धेरै कार्यकर्ताका कारण । कोही भन्छन्, देशमा राम्रो संस्कारको विकास नहुन्जेल भगवान्ले नै देशको नाटकलाई चलाइरहन्छन् । तर यी कुराहरुलाई छोडेर देश चलाउनेहरु आफूहरु नै राम्रो भएर, सबैको कुरा सुनेर, कडा-इमानदार भएर बदलिन सक्नुपर्दछ अनि मात्र देश र जनता राम्रो हुँदै जाने हो ।

अहिले देशमा केही कुराहरुलाई देश चलाउनेहरुले ठण्डा दिमागले सोचेर अघि बढ्ने हो भने बिस्तारै यो देशमा शान्ति भएर मुलुकको मुहार फेरिनेछ । सर्वप्रथम देश चलाउनेहरुले एकोहोरो, ढिड, घमण्डी र आसेपासेहरुलाई फिल्टर गरेर कार्यकर्ताहरुलाई कमी गर्ने हो । एउटा राम्रो नेता भएर लामो समयसम्म राज गरौं भन्ने सोच राख्नुहुँदैन । कुर्सी रोगीजस्तो भयो भने यस्तो लोकतन्त्र, गणतन्त्रको कुनै अर्थ छैन । अर्को कुरा, भगवान्ले खराब बनाए भन्दैमा खराब नै भइराख्नुहुँदैन । आफूले हेरेर पनि राम्रा मानिसहरुको कुरा सुनेर अघि बढ्न सिक्नुपर्छ अनि मात्र मुलुक राम्रो हुने हो र लोकतन्त्र ल्याउनेहरुको मिसन पूरा हुने हो । देशमा पूर्वाधार विकास सुस्त भए पनि, राजनीतिक आकार सानो भए पनि ऋणको भार बोकिराख्नुहुँदैन । यसले गर्दा विदेशीको नजरमा देश र जनता कमाराजस्ता हुनेछन् । त्यस कारण देश चलाउनेहरुको दायित्व देश र जनतालाई सधैं स्वाभिमानी बनाउने हो । भनाइको मतलब राज्यले विदेशी ऋण बिस्तारै तिर्न सक्ने पनि क्षमता राख्नुपर्दछ ।

देशको खालि भूभागमा राज्यले कृषि लगानीको वातावरण बनाइदिनुपर्दछ । यसबाहेक देश चलाउनेहरुले उदार नीति लिएर अर्थ व्यवसायलाई पनि चुस्त बनाउन सक्नुपर्छ । यसको लागि देश चलाउनेहरु कडा, इमानदार र उदार नीति अपनाएर अघि बढ्ने हो, नकि आफ्नो फाइदा र स्वार्थका लागि आसेपासे, कार्यकर्ता र बिचौलियाहरुसँग मात्र हातेमालो गर्ने हो ? देशमा सरकारहरु फ्लप हुनु र सधैं नेताहरुले जनताको गाली खाइराख्नुपर्ने कारण पनि यही नै हो । तैपनि जति बेला पनि यिनीहरु चुप लागेर बसेका हुन्छन् । हुन सक्छ प्रभुले नै हामीलाई सताउन अदृश्य तरिकाले यिनीहरुको हातगोडा बाँधेर राखेका छन् तापनि यस्ता कुराहरुलाई बुझेर बदलिने कोशिश गर्नुपर्छ देश चलाउनेहरु । किनकि अब भने अति भएको छ । देशमा अहिले भ्रष्टाचार त छँदै छ । प्राय: सबै पक्ष भ्रष्ट भएका कारण अहिले यिनीहरुको अन्त्य गर्न नसके पनि भविष्यमा आउने पुस्ता र समयले यिनीहरुलाई छोड्नेछैन, स्मरण रहिरहोस् । किनकि दिन सधैं एकनासको हुँदैन । खराब दिन, राम्रो दिन सबैको आउँछ । सिर्फ यसलाई मनमा राख्न सक्नुपर्दछ मानिसहरुले ।

अनेक स्टन्टबाजी गरेर देशमा मानिसहरु लोकतन्त्र, गणतन्त्रहरु ल्याउने गर्दछन् । तर यसबाट देशमा सर्वसाधारणले जीवनको राम्रो, र माइलो अनुभूति गर्न सक्दैनन् भने योभन्दा ठूलो अभिशाप अरु केही हुँदैन । तर यसमा यिनीहरुलाई मात्र दोष दिइराख्नुभन्दा हामी समाज, सर्वसाधारण, जनता आदि पनि अल्लड, लालच, स्वार्थले गर्दा भागीदार छौं । त्यसकारण सबै पक्ष बदलिनु आजको आवश्यकता हो ।

अन्त्यमा एउटा कुरा व्यक्त गर्न चाहन्छु, हाम्रो देशमा सरकार तथा नेताहरु असफल हुनुको कारण ज्ञान र राम्रो भिजन नहुनु नै हो । यसबाहेक धेरै आसेपासे, कार्यकर्ता पाल्नुका साथै अनावश्यक अन्तर्वार्ता र भाषण अनि पार्टीका लागि हरेकतिरबाट सम्पत्ति आर्जन गरिराख्नु पनि असफलताको कारण हो । हरेक पक्षका आ-आफ्ना अवगुणहरु पनि छन् यो देशमा जसले गर्दा मुलुक सुस्त भएर अघि बढ्न सकेन । यसले गर्दा देशमा अपार धन भए तापनि देश राम्रो भएन । जे होस्, अब यसो हुनुभएन । किनभने देश राम्रो बाटोमा गइराखेको छ कि खराब बाटोमा गइराखेको हो, यहाँका मानिसहरु अझै कन्फ्युजमा छन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# भीआईपी कैदीको रोज्जा कारागार

काठमाडौं/ डिल्लीबजार कारागार, जसले अपराधको पनि वर्ग हुन्छ भनेर प्रतिविम्बित गर्छ । नपत्याए मंगलबारको यो दृश्यतर्फ आँखा डुलाउनुस् । जिल्ला अदालत काठमाडौंको फैसला कार्यान्वयन अधिकारीको कक्षमा ल्याइएका अधिकांश कैदीबन्दी अक्सर चुपचाप, मलीन र उदास देखिन्थे । जतिबेलै प्रहरीले उनीहरूलाई पिछा नछाड्ने ।

मंगलबार भने यहाँ बिलकुल फरक दृश्य देख्न पाइयो । दीपक मनाङे मलिन र उदास होइन, उल्लास र ठाँटबाँटसहित भित्र पसे । ज्यान मार्ने उद्योगमा ५ वर्ष कैद सुनाइएका र बाँकी कैद सजाय भुक्तान गर्न प्रहरीले समातेर ल्याएका राजीव गुरुङ उर्फ दीपक मनाङे मुसुमुसु हाँस्दै भित्र आउँदा एकछिन त अदब र अभिवादन नै चल्यो ।



मनाङे आउने सूचना पाएर पहिल्यै तयारीमा बसेका फैसला कार्यान्वयन अधिकृत धनबहादुर कार्कीले मनाङे आएको ढोकातिर पुलुक्क हेरे । उनले पनि मुसुक्क हाँस्दै अभिवादन गर्न खोजे । त्यसपछि दृश्यावली बदलिइहाल्यो । प्रहरीले उनको हातबाट हत्कडी खोलिदियो । अघिसम्म हत्कडीमा रहेका भूपू मन्त्री र प्रदेश सांसद मनाङे अब सोफामा आरामले ढल्किए ।

सामान्यत: प्रहरीले हाईप्रोफाइललाई समात्दा हत्कडी लगाएको देखिँदैन । त्यसमाथि अदालतभित्र सबैलाई हत्कडीविनै लगिन्छ । मनाङेलाई भने सोफामा राखेर मात्र प्रहरीले हत्कडी खोलिदिएको थियो । उनी पनि कुनै अप्ठेरो मानिरहेका थिएनन् । बरु आफ्ना शुभचिन्तकहरुलाई त्यहीँ भेट्न खोजिरहेका थिए । विगतमा गुण्डागर्दीमा संलग्न हुँदा उनको समूहमा रहेर काम गरेकाहरु भेट्न अदालतमै पुगेका थिए ।

मनाङेले झ्यालमा आउँदै मिन्टु लगायतलाई भित्र बोलाएरै भेटे । प्रहरीको उपस्थितिबीच उनले संक्षिप्त भेट गर्दा प्रशासनले खासै रोक लगाएन । अदालत प्रशासनले उनको कागजात तयार गरिसकुञ्जेल साथीभाइसँग उनको गफ चलिरह्यो । कर्मचारीसँग पनि संवाद गरे । अन्तिममा डिल्लीबजार कारागार चलान गरिदिन फरमाइस राखे ।

'अदालतले काठमाडौंमा रहेका दुई कारागारमध्ये एउटामा पठाउने हो, उनी पहिले पनि त्यहीँ बसेकाले पठाउनलाई कुनै अप्ठ्यारो थिएन', अदालतका एक कर्मचारी भन्छन्, 'त्यही अनुसार, डिल्लीबजार पठाउने गरी कागजात तयार पार्‍यौं ।' त्यसो त अदालतको आदेशपछि पक्राउ पर्ने खबर पुगेलगत्तै उनको लागि डिल्लीबजार कारागारको आन्तरिक प्रशासनले बासस्थानको तारतम्य मिलाउन सुरु गरिसकेको थियो ।

कैदीबन्दीबाट नियुक्त हुने आन्तरिक प्रशासनमा मनाङेको सधैं प्रभाव रहँदै आएको छ । अझ पाँच वर्षअघि मात्र यही कारागारबाट भव्य विदाइसहित थुनामुक्त भएकाले समेत उनका लागि कारागारको आन्तरिक प्रशासन नौलो होइन ।

त्यही प्रभावका कारण उनले सहजै कारागारको 'ख' ब्लकमा प्रवेश पाए । प्रहरी अधिकृतहरुका अनुसार, मनाङे जति पटक पक्राउ परेर पुर्पक्षका लागि थुनामा गए, त्यति नै पटक डिल्लीबजार कारागार रोजेका छन् । 'पहिल्यैदेखि बसेकाले पनि होला, उनले त्यहीँ सहज मान्छन्', डिल्लीबजार कारागारको सुरक्षामा काम गरिसकेका एक प्रहरी निरीक्षकले सुनाए, 'त्यसमाथि उनले पहिले 'ख' ब्लकको कोठा मर्मत सम्भार र केही निर्माणमा समेत सहयोग गरेका छन् ।'

केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) का एक कनिष्ठ अधिकारी मनाङेका लागि चारखाल कारागार नभइ घर नै भएको व्यंग्य गर्छन् । 'डिल्लीबजारमा उनका यति धेरै मान्छे छन् कि उनी बाहिर हुँदा पनि मजाले बोलबाला चल्छ', उनले थपे, 'सम्झनुस्, अहिले दीपक मनाङे आफ्नै घरमा बसिरहेको छ, उसले भनेको भन्दा त्यहाँ दायाँ-बायाँ हुँदैन ।'

डिल्लीबजार कारागारका जेलर पूर्णबहादुर खत्रीका अनुसार, कारागारभित्र बस्ने स्थानको व्यवस्थापन आन्तरिक प्रशासनले गर्ने गर्छ । 'कारागारमा कसले कोठा बनायो वा के गर्‍यो भन्ने कुरा थाहा हुने विषय भएन', खत्री भन्छन्, 'तर, आफूसँग स्रोत हुने कैदीबन्दीहरुले परिस्थिति हेरेर सबैको भलाइका लागि काम गर्छन्, कोहीले मर्मत सम्भार गर्लान्, कोहीले पुस्तकालय बनाउलान् ।'

प्रहरी अधिकृतहरुका भनाइमा, मनाङेले पनि विगतमा कारागारभित्र थुप्रै कामहरु गरेका थिए । 'सरकारी बजेट कति नै आउँछ ? त्यसमाथि कारागार सधैं उपेक्षामा हुन्छ', डिल्लीबजार कारागारका एक पूर्वजेलरले भने, 'यस्तोमा मनाङेले कारागारको संरचना मर्मतमा सहयोग मात्र होइन, थोरै जरिवाना तिर्न नसकेर कारागारमा रहेकालाई समेत सहयोग गरिदिएको भेटेको छु ।'

उनका अनुसार, मनाङेले १५ हजार, २५ हजारदेखि ५० हजार रुपैयाँसम्म धरौटी बुझाउन नसक्दा कारागारमै रहेकाहरुलाई सहयोग गरेको भेटिन्छ । 'अन्य आरोपीहरुले पनि त्यसरी सहयोग गर्छन्, तर छुटेपछि सहयोग लिनेहरुलाई गलत काममा प्रयोग गरेको पनि भेटिन्छ', ती अधिकृत थप्छन् ।

मनाङेले त्यस्तै काम गरेर डिल्लीबजार कारागारमा कैदीबन्दीहरुको विश्वास जितेको ती जेलर बताउँछन् । 'मनाङे जेलमा आउँदा कतिपय त खुशी पो हुँदा रहेछन्, जेलभित्र धेरै तनाव पनि नहुँदो रहेछ', उनले थपे, 'मनाङे सिनियर डन जस्ता हुँदा रहेछन्, उनी बोल्न थालेपछि सबै चुपचाप सुनेर बस्छन् ।'

सानोमा केटाकेटीहरु हजुरबुबाबाट कथा सुन्न वरिपरि बसेजस्तो मनाङेले 'केटाहरुको बीचमा बसेर' अपराधको दुनियाँका अनेक गफ चुट्ने गरेको कारागार सुरक्षामा खटिने अधिकारीहरुको अनुभव छ । अहिलेकै मुद्दामा पुनरावेदन दर्ता गरेर मनाङे ३१ असोज २०७५ मा तारेखमा छुट्दा अर्का डन गणेश लामाको संयोजनमा कारागारभित्र भव्य विदाइ भएको थियो । सत्तारुढ नेपाली कांग्रेसबाट राजनीति गरिरहेका लामा हातहतियार तथा खरखजनाको सम्बन्धी मुद्दामा कारागारमा थिए ।

मनाङे त्यहीबेला छुट्ने भएपछि लामासहितका कैदीबन्दीले फूलमाला र खादा लगाइदिएर मनाङेको श्रद्धापूर्वक विदाइ गरेका थिए । निस्किनुअघि मनाङेले केहीबेर भाषण पनि गरे, त्यसबेला कारागारका 'केटाहरुको पिरमर्का सुन्न बेला-बेला आउने' समेत बताएका थिए ।

महाराजगञ्जको चुफाङ रेष्टुरेन्टमा अर्का डन चक्रे मिलनको हात छिनाएको प्रकरणमा मनाङेसँगै लामा पनि प्रतिवादी थिए । यद्यपि, उनलाई अदालतले सफाइ दियो । काठमाडौंको गुण्डागर्दीको दुनियाँमा काभ्रेका लामालाई मनाङेले नै प्रवेश गराएको मानिन्छ । २०६२/६३ को जनआन्दोलनपछि ठमेलको एक रेष्टुरेन्टमा बाउन्सरका रुपमा काम गरिरहेका लामाको मनाङेसँग भेट भएको थियो । त्यसबेला उनले लामालाई आफ्नो समूहमा सामेल गराएका थिए । यद्यपि, पछि यी गुरु-चेलाको सम्बन्धमा तिक्तता आएको थियो ।

डनका रुपमा चिनिएका मनाङे हुन्, या गणेश लामा दुवैले कारागार जानुपर्दा डिल्लीबजार नै रोज्छन् । अहिले पनि डिल्लीबजार कारागारमा भीआईपीहरुको ताँती छ । कारागारको ब्लक 'ख' मा मनाङेसँगै भ्रष्टाचार आरोपित सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल पनि छन् ।

'क' ब्लकमा भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका सह-सचिव चुडामणि शर्मा, पूर्वसांसद् इच्छाराज तामाङ, सहकारी ठगी आरोपित केबी उप्रेती लगायत छन् । पत्नी हत्या आरोपमा कैद सजाय घटाउने आदेश उल्टिएपछि पक्राउ परेका सशस्त्र प्रहरी बलका पूर्वप्रहरी नायब महानिरीक्षक (डीआईजी) रञ्जन कोइरालाले डिल्लीबजार कारागार जान खोजेका थिए ।

डिल्लीबजार कारागारमै रहेका बेला तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र तेजबहादुर केसीको इजलासले उनको कैद सजाय घटाउने आदेश दिएको थियो । त्यसअनुसार उनी ८ वर्ष ६ महिना कारागार बसेर थुनामुक्त भए । यद्यपि, जबराविरुद्ध महाभियोग प्रस्ताव दर्ता भएर निलम्बनमा परेका बेला कामू प्रधानन्यायाधीश दीपक कुमार कार्कीसहितको इजलासले त्यो फैसला उल्ट्याइदिएको थियो ।

आदेश आएको दुई दिनपछि प्रहरीले उनलाई पक्राउ गर्‍यो, त्यसबेला उनले पहिले बसेकै कारागार जान चाहे, केही कानून व्यवसायीमार्फत जाँचोपाँचो मिलाउने प्रयत्न गरे । यद्यपि, निलम्बित प्रधानन्यायाधीश जबराले सहयोग गरेको बुझाइ प्रशासनलाई परेपछि उनले डिल्लीबजार कारागार जाने अनुकूलता पाएनन् ।

नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरी समेत थुनामुक्त हुनुअघिसम्म डिल्लीबजार कारागारमै थिए । उनले पार्टी बैठक समेत त्यहीँबाट चलाएको भन्दै आलोचना समेत भएको थियो । जबरजस्ती करणीको मुद्दामा पक्राउ परेका बेला पूर्वसभामुख एवं माओवादी नेता कृष्णबहादुर महरा पनि डिल्लीबजार कारागार नै चलान भएका थिए ।

नेपाल प्रहरीका पूर्व डीआईजी पिताम्बर अधिकारीका अनुसार, राजधानीको पायक स्थान र अन्यत्रभन्दा थोरै कैदीबन्दी हुँदा डिल्लीबजार कारागार भीआईपीहरुको रोजाइमा पर्ने गरेको छ । 'थोरै संख्या हुनु भनेको भेटघाटमा सहजता र छिट्टै टेलिफोन गर्ने सुविधा पाउनु पनि हो', उनले संचारकर्मीसँग भने, 'यस्तोमा धेरैले डिल्लीबजार कारागार बस्न पाए सहज हुने ठानेका छन् ।'

कतिपय कैदीबन्दीले त्यो सहजताको दुरुपयोग गरेको उदाहरण समेत छन् । जस्तै, डिल्लीबजार कारागारबाट सुडान घोटाला प्रकरणका आरोपी शम्भु भारती मध्यराति होटलमा पुगेको समेत भेटिएको थियो । तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल' ले १९ चैत २०७४ मा कारागारमा रहेका केही कैदीलाई राति ठमेलको दोहोरी साँझमा लगिने गरेको भन्दै सार्वजनिक अभिव्यक्ति समेत दिएका थिए ।

आन्तरिक प्रशासनभित्र सहजता हुने भएर पनि हुनसक्छ, डिल्लीबजार कारागारमा विगतमा पूर्वमन्त्री श्यामसुन्दर गुप्ता, खुमबहादुर खड्का, पूर्वसांसद बालकृष्ण ढुंगेल लगायत समेत बसेका थिए । सुडान घोटाला प्रकरणमा मुछिएका नेपाल प्रहरीका पूर्वआईजीपी ओमविक्रम राणा र हेमबहादुर गुरुङ पनि डिल्लीबजार कारागार नै बसे । कुनै समय पूर्वप्रहरी प्रमुख राणा, पूर्वडीआईजी कोइराला लगायत कारागारमा टेबल टेनिस खेलेर समय विताउँथे ।

सीआईबीमा लामो समय काम गरेर स्वेच्छिक अवकाश रोजेका पूर्वप्रहरी निरीक्षक दीपेन्द्र अधिकारीको भनाइमा, डिल्लीबजार कारागारमा प्राय: ६ सयको हाराहारीमा मात्र कैदीबन्दी हुने हुँदा अन्यत्रभन्दा बसाइ सहज हुने गर्छ । त्यसमाथि चिनिएका व्यक्ति वा आर्थिक हैसियत राम्रो भएको मानिस डिल्लीबजार जाँदा आन्तरिक प्रशासनबाट सुविधा पाउन पनि सहज हुने स्थिति रहेको उनी बताउँछन् ।

जानकारहरुका अनुसार, थोरै मानिस र क्षेत्रफल पनि कम भएकाले डिल्लीबजारमा कैदीबन्दीलाई दिनभर क्यान्टिनबाट चिया मगाएर खाँदै रुखको फेदमुनि बसेर गफ गर्दै समय विताउने सुविधा पनि छ । 'यस्तोमा कारागार चलान हुनै परेपछि भीआईपीले किन डिल्लीबजार नरोजुन् ?', सीआईबीका पूर्वप्रमुख रहिसकेका अवकाश प्राप्त डीआईजी हेमन्त मल्ल पनि भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# बक्स अफिसमा 'सारङ्गी'ले बनायो सर्वाधिक कमाईको रेकर्ड



काठमाडौं/अब 'कबड्डी ४' सर्वाधिक कमाई गर्ने फिल्म रहेन । यसको रेकर्ड 'पूर्ण बहादुरको सारङ्गी'ले तोडेको छ । दुई वर्षअघि 'कबड्डी ४'ले २३ करोड ५० लाख (निर्माताको दाबीअनुसार) कमाउँदै सर्वाधिक कमाई गर्ने नेपाली फिल्मको कीर्तिमान बनाएको थियो । यो आँकडा 'सारङ्गी'ले १३ दिनमा नै कटाएको छ । फिल्मले मंगलबारसम्म २५ करोडमाथि कमाई गरेको वितरक कम्पनी ब्यांकटेस इन्टरटेनमेन्टको दाबी छ । चलचित्र विकास बोर्डले भने बक्स अफिस रिपोर्ट सार्वजनिक गरेको छैन ।

मंगलबार मात्र फिल्मले २ करोड ५ लाख ग्रस कमाई गरेको वितरक मनोज राठीले जनाएका छन् । बुधबार पनि फिल्मले २ करोडमाथि व्यापार गर्ने उनको आँकलन छ । यसरी हेर्दा फिल्मले घरेलु बजारमा नै ३० करोडको आँकडा सजिलै पार गर्न सक्ने देखिन्छ । डेढ करोडमा निर्माण भएको फिल्मले पहिलो साता नवित्दै निर्मातालाई मुनाफा दिन थालेको थियो । अब सबैभन्दा बढी मुनाफा दिने फिल्म नै यही बनेको छ ।

'सारङ्गी'ले सर्वाधिक कमाईको रेकर्ड मात्र बनाएको छैन, धेरै शो पाउने र एकैदिन धेरै कमाई गर्ने फिल्मको कीर्तिमान पनि रचेको छ । फिल्मले पहिलो हप्ताको अन्त्यबाट साढे ४ सय बढी शो पाएको थियो भने दोस्रो हप्ताको शनिबार ३ करोड ८९ लाख कमाउँदै एकैदिन सबैभन्दा बढी कमाई गर्ने फिल्मको कीर्तिमान बनाएको थियो । यसअघि बनेका प्राय: सम्पूर्ण रेकर्ड फिल्मले तोडेको छ ।

प्रदर्शनको दुई दिन (बिहीबार र शुक्रबार)सम्म फिल्मले प्राप्त शोलाई अकुपेन्सीमा बदल्नै सकेको थिएन । जब फिल्म हेरेर दर्शकहरु रोएका केही भिडियो टिकटकजस्ता प्लेटफर्ममा भाइरल भयो, त्यसपछि व्यापारमा एकाएक उछाल आएको थियो । केही दिनयता हलहरुले बिहान ५ बजेदेखि साँझ ११ बजेसम्म शो खुलाउँदा पनि देशभर फिल्मको टिकट हाहाकार देखिन्छ । फिल्मले अझै केही हप्ता हलमा आफ्नो पकड कायम राख्ने निश्चित छ ।

बाबु-छोराबीचको सम्बन्धको कथामा बनेको 'पूर्ण बहादुरको सारङ्गी'लाई सरोज पौडेलले निर्देशन गरेका हुन् । यसमा विजय बराल, प्रकाश सपूत, अञ्जना बराइली, मुकुन भुसाल लगायतको अभिनय छ । फिल्म हेर्ने प्राय:ले विजयको अभिनयको प्रशंसा गरेका छन् । उनलाई 'नेचुरल स्टार'को समेत उपमा दिइएको छ । उनले मुख्य भूमिकामा काम गरेको यो पहिलो फिल्म हो ।

# कुन-कुन फिल्म छन् 'सिनेमाघर एप'मा ?

काठमाडौं/कोरोना महामारीभन्दा अघि नेपालका अधिकांश ओटीटी प्लेटफर्म मृत्युप्राय: थिए । कुनैले अपेक्षित रुपमा दर्शक तान्न सकेका थिएनन् । पैसा तिरेर ओटीटीमा फिल्म हेर्ने बानीको पनि विकास भएको थिएन । बरु हलमै पुग्ने वा युट्युबमा पर्खिनेको जमात ठूलो थियो । तर, कोभिडको समयमा हलहरु ठप्प हुँदा विश्वमै ओटीटीको दबदबा बढ्यो । नेपालीहरु पनि यसमा आकर्षित भए । यही समयमा जुरमुराएको ओटीटी प्लेटफर्म हो, 'सिनेमाघर एप' ।




कोभिडअघि गुमनामझैं रहेको यो एप अहिले नेपालकै अग्रणी ओटीटी प्लेटफर्म बनेको छ । हलमा सुपरहिट बनेका एकपछि अर्को फिल्म रिलिज भइरहनुले 'सिनेमाघर'लाई दर्शकमाझ लोकप्रिय मात्र बनाइरहेको छैन, निर्माताहरु पनि आकर्षित भइरहेका छन् । एपमा फिल्म हेर्ने दर्शक बढ्न थालेपछि फिल्म रिलिजका लागि निर्माताहरुले चासो देखाउन थालेका छन् ।

यतिबेला 'सिनेमाघर एप'मा दर्शकले मन पराएका र बक्स अफिसमा सफल ठहरिएका फिल्महरुको ताँती नै छ । दशैंको अवसरमा फिल्म 'प्रेमगीत ३' रिलिज भएको थियो । तिहारमा 'घर ज्वाइँ' आयो । 'कबड्डी ४', 'डिग्री माइला', 'पशुपति प्रसाद २', 'जारी', 'महापुरुष' जस्ता फिल्म पनि यसमा रिलिज भइसकेका छन् । युटयुबमा आएपछि 'कबड्डी ४' र 'जारी' भने एपबाट हटेका छन् ।

'सिनेमाघर एप'मा 'चपली हाइट ३', 'पानीफोटो', 'प्रेमगञ्ज', 'जाइरा', 'मंगलम', 'रातो टीका निधारमा', 'दोख', 'कोहलपुर एक्सप्रेस', 'हिजो आजका कुरा', 'ब्लाइन्ड रक्स', 'डमरुको डण्डीवियो', 'गरुड पुराण' जस्ता फिल्महरु पनि उपलब्ध छन् । यसमा फिल्म हेर्न २ सय रुपैयाँ शुल्क तिर्नुपर्ने हुन्छ । यो एप सबै प्रकारका स्मार्ट डिभाइसमा उपलब्ध छ ।

नेपालका प्राय: डिजिटल वालेट र विदेशबाट गुगल पे, पेपल, डेबिट-क्रेडिट कार्डसँगै गुगल प्लेबाट पनि भुक्तानी गरेर एपमा फिल्म हेर्न सकिन्छ । यो एपका प्रमुख कार्यकारी अधिकृत सागर खरेल हुन् भने अभिनेता समेत रहेका खगेन्द्र लामिछाने अध्यक्षको जिम्मेवारीमा छन् । अब 'सिनेमाघर एप' फिल्म तथा सिरिज निर्माणमा पनि हात हाल्ने तयारीमा रहेको जानकारी प्राप्त छ ।

# पोखरा महानगरबाट हटाइएका ३ प्राविधिक पुगे उच्च अदालत

पोखरा/पोखरा महानगरपालिका कार्यपालिकाको बैठकबाट हटाइएका ३ जना इन्जिनियरले पोखरा उच्च अदालतमा रिट हालेका छन् । पोखरा महानगरपालिकाको निर्णय खारेजको माग गर्दै मंगलबार उच्च अदालतमा रिट दायर गरेका थिए ।



गत कार्तिक १५ गते बसेको कार्यपालिका बैठकले लोकसेवाबाट सिफारिस भएर ३५ जना प्राविधिक आएकाले ती पदमा कार्यरत २८ जना प्राविधिकलाई कात्तिकसम्मको सेवा सुविधा दिएर विदाइ गर्ने निर्णय गरेको थियो । निर्णय कार्वान्वयन रोक्न उनीहरूले अन्तरिम आदेशको पनि माग गरेका थिए ।

जिल्ला न्यायाधीश मेरिना श्रेष्ठको इजलासले विषयवस्तुको संवेदनशीलता एवं गाम्भीर्यताका कारण दुवै पक्षको उपस्थितिमा छलफल भई अन्तरिम आदेश जारी हुने वा नहुने सम्बन्धमा निष्कर्षमा पुग्न उपयुक्त हुने देखिने भन्दै ३० गते दुबै पक्षलाई छलफलका लागि बोलाएको छ ।

बुधबार न्यायाधीश श्रेष्ठको इजालासले१५ दिनभित्र लिखित जवाफ पेश गर्न महानगरपालिलाई भनेको छ ।कार्यपालिकाबाट हटाइएका भुवनेश्वर तिमिल्सिना, प्रकाश वाग्लेसमेत ३ जनाले रिट हालेका हुन् ।

लोकसेवाबाट सिफारिस भएर आइसकेपछि एउटै पदमा दुईथरी कर्मचारी आवश्वक नपर्ने भन्दै एमालेको बहिस्कारका बाबजुद कार्यपालिकाले २८ जना प्राविधिक हटाउने निर्णय गरेको छ । करार विवाद उत्कर्षमा पुगेपछि मेयर धनराज आचार्यले बुधबार नै महानगरको प्रवक्तासमेत रहेका वडा नम्बर २५ का अध्यक्ष मोतिलाल तिमिल्सिनाको संयोजकत्वमा ९ सदस्यीय समिति बनाएका थिए ।

समितिलाई ३ दिनभित्र समस्या समाधानको उपाय, सुझाव र सहजीकरण गर्नुपर्ने जिम्मेवारी दिएका छन् । तर एमालेले निर्णय अश्वीकार गर्दै विशेष साधारण सभाको माग गरेकोछ भने कांग्रेसका वडाध्यक्षले पनि समितिमा बस्न अश्वीकार गरेका छन् ।

२०८० पुस २९ गते बसेको पोखरा महानगरपालिकाको २५ औं कार्यपालिका बैठकले दर बन्दी पूर्तीका लागि लोकसेवासँग सिफारिसका लागि माग गर्ने र करारमा रहेका कर्मचारीको असार मसान्तसम्म ६ महिनाको म्याद थप्ने निर्णय भएको थियो । यो सँगै कर्मचारीहरुको संगठन तथा व्यवस्थापन (ओएनएम) तयार गर्ने र कनिष्ठका आधारमा करार कर्मचारी हटाउँदै जाने निर्णय २५ औं कार्यपालिका बैठकको थियो ।

एमालेले भने तिहार विदासमेत लागिरहेकाले ३७ औं कार्यपालिका बैठकको निर्णय नै खारेज गर्नुपर्ने माग गरेर आन्दोलन गर्दै आएको छ । संगठन तथा व्यवस्थापन (ओएनएम) नै तयार नगरी प्राविधिक कर्मचारी हटाउन नपाइने र उनीहरुको पनि पुससम्मै म्याद थप हुनुपर्ने माग गर्दै एमाले र एमालेनिकट कर्मचारी संगठनले विरोध तथा प्रदर्शन गर्दै आइरहेका थिए ।

## गणेश हिमाल बेसक्याम्प जाँदै गरेका २ कर्मचारी बिरामी, उद्धार गर्न नसकी फर्कियो हेलिकोप्टर

काठमाडौं/पर्यटन प्रवर्द्धनका लागि भन्दै गणेश हिमाल आधार शिविर जाँदै गरेको सरकारी अधिकारीसहितको टोलीका २ सदस्यहरु बिरामी परेका छन् । धादिङ प्रशासनले उनीहरुलाई हेलिकोप्टरबाट उद्धारको पहल गरे पनि विहीबारको प्रयास असफल भएको छ ।

उनीहरुलाई उद्धार गर्न बुधबार दिउँसो नेपाली सेनाको हेलिकप्टर पठाइए पनि खराब मौसमका कारण अवतरण गर्न नसकी फर्किएको थियो । विहीबार बिहान फेरि उद्धार प्रयासका लागि हेलिकप्टर पठाइने जिल्ला प्रशासन कार्यालय धादिङले जनाएको छ ।

धादिङ गणेश हिमालको काखमा पर्दछ । डिभिजन वन कार्यालय, रुवीभ्याली गाउँपालिकाका कर्मचारीहरु र केही पत्रकारहरु सहितको टोली पथ प्रदर्शकसहित गणेश हिमालको आधार शिविरतर्फ गएका थिए । तर रुवीभ्याली गाउँपालिका वडा नम्बर ५ स्थित आँखु खोला मुहान नजिक खोंचमा पुग्दा डिभिजन वन कार्यालय धादिङका प्रमुख विष्णुप्रसाद आचार्य र प्राविधिक सहायक अनुसिया ढुंगानामा श्वासप्रश्वास समस्या देखिएको थियो ।

त्यसको जानकारी पाएपछि उनीहरुलाई उद्धार गर्न जिल्ला प्रशासन कार्यालयले नेपाली सेनाको हेलिकोप्टर पठाएको थियो । तर हेलिकोप्टर ल्याण्ड गर्न नसकेर फर्किएको प्रमुख जिल्ला अधिकारी सुमन घिमिरेले जानकारी दिए ।

'उहाँहरु गणेश हिमाल बेसक्याम्प एरियामा पदयात्रा खोजी गर्दै संरक्षण केन्द्र घोषणा गर्ने योजनाका टेन्ट, भरियासहित जानु भएको थियो,' प्रमुख जिल्ला अधिकारी घिमिरेले संचारकर्मीसँग भने, '१६ जनाको टोलीमध्ये दुई जना बिरामी पर्नुभएको हो ।'

उनीहरु गणेश हिमालको बेसक्याम्प नपुग्दै बिरामी परेपछि बीचमै रोकिएका छन् । सो ठाउँमा बस्ती नभएको र सञ्चार सम्पर्क पनि स्थापित नभएको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताए ।

नेपाली सेनाका प्रवक्ता गौरव कुमार केसीले उद्धारका लागि दुई पटकसम्म हेलिकोप्टर अवतरणको कोसिस गरे पनि खराब मौसमका कारण सफल नभएको जानकारी दिए । विहीबार बिहान पनि हेलीउद्धारको कोसिस गर्ने उनले बताए । पर्यापर्यटन प्रवर्द्धन गर्न भन्दै धादिङको रुवी भ्याली गाउँपालिका र डिभिजन वन कार्यालय धादिङको टोली एक सातायता पदयात्रामा छ । टोलीमा केही पत्रकारहरु पनि छन् ।

# 'सारङ्गी'को दबदबाबीच 'ह्रस्व दीर्घ'लाई सुखद् शो

काठमाडौं/लक्ष्मीपूजाबाट प्रदर्शनमा आएको फिल्म 'पूर्ण बहादुरको सारङ्गी'ले हलमा आफ्नो दबदबा कायम गरिरहँदा यही शुक्रबारबाट बक्स अफिसमा चुनौती दिन फिल्म 'ह्रस्व दीर्घ' प्रदर्शनमा आउँदैछ । बुधबारबाट देशभरका प्राय: मल्टीप्लेक्सहरुले फिल्मका लागि शो उपलब्ध गराउँदै बुकिङ खुला गरेका छन् । 'सारङ्गी'को सुनामी व्यापारका कारण फिल्मले अपेक्षित शो भने पाउन सकेको छैन ।

देशको सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्युएफएक्सले शुक्रबारका लागि फिल्मलाई देशभर कूल ४५ शो दिएको छ । जसमा काठमाडौं उपत्यकामा २१ र उपत्यकाबाहिर २४ शो छ । त्यस्तै, दोस्रो ठूलो मल्टीप्लेक्स चेन आईएनआई सिनेमाजले कूल ८ शो दिएको छ भने वान सिनेमाजले पनि नयाँ बानेश्वर र कालिमाटी स्टेशनमा गरी ८ शो उपलब्ध गराएको छ ।

काठमाडौं उपत्यकामा सञ्चालित मल्टीप्लेक्सहरु एफक्युब र बिग मुभिजमा समान ५/५ शो, विएसआर मुभिजमा ४ शो पाएको फिल्मको केही हलमा अझै बुकिङ खुल्न बाँकी छ । फिल्मले पहिलो दिन एक सय हाराहारी शो पाउन सक्ने देखिन्छ । अब प्राप्त शोलाई अकुपेन्सीमा बदल्नुपर्नेचुनौती फिल्मलाई रहनेछ । साउथको 'कंगुवा' र नेपाली फिल्म 'केटी हराएको सूचना' रिलिज नहुने भएकाले फिल्मलाई धेरै ठूलो राहत मिलेको छ ।

'ह्रस्व दीर्घ'मा कलाकारको 'लाइनअप' बलियो छ । नेपालीदेखि दक्षिण भारतका नाम चलेका कलाकारहरुले अभिनय गरेका छन् । यसैले फिल्मप्रति दर्शकमा चासो देखिन्छ । अघिल्लो हप्ता सार्वजनिक ट्रेलरले पनि राम्रो हाइप बनाएकाले फिल्मले बक्स अफिसमा सुखद् व्यापार गर्न सक्ने प्रक्षेपण गरिएको छ । ६ करोडमा बनेको फिल्मले लगानी सुरक्षित गर्न १२ करोडमाथि कमाउनुपर्ने हुन्छ ।

चन्द्र पन्तको निर्देशनमा तयार भएको फिल्ममा साउथबाट ब्रह्मानन्दम, प्रदीप रावत, सुनिल बर्मा, अली, कबीर दुहन सिंहसहित नेपाली कलाकारहरु विपना थापा, नीता ढुंगाना, हरिहर अधिकारी, सरोज खनाल, रेखा थापा, सञ्चिता लुइँटेल, प्रशान्त ताम्राकार, किरण केसी लगायतको अभिनय छ । फिल्मलाई बलिउडका प्रसिद्ध छायाँकार कवीरलालले खिचेका हुन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# द्रुतमार्गको प्रगति राम्रो रहेको संसदीय समितिको दाबी

साझाकुरा संवाददाता

हेटौंडा, २८ कात्तिक/ प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिले काठमाडौं-तराई-मधेस द्रुतमार्ग आयोजनाको हालसम्मको कार्यप्रगति सन्तोषजनक रहेको जनाएको छ ।

समितिका सभापति रामहरि खतिवडाको नेतृत्वमा रहेको संसदीय टोलीले बुधवार गरेको अनुगमनबाट राम्रो प्रगति हासिल भएको दाबी गरेको हो । समिति सभापति खतिवडाले द्रुतमार्गको काम द्रततर गतिमा भइरहेको प्रतिक्रिया दिए । उनले भने, 'नेपाली सेना अहोरात्र खटेर आयोजना सम्पन्न गर्ने दिशामा अघि बढिहरको छ । केही व्यवधान छन् भने त्यसलाई छलफलका माध्यमबाट समाधान गर्न सकिन्छ । सन्तोषजनकरुपमा काम भएको छ ।'

उनले राष्ट्रिय गौरवको सर्वाधिक महत्वको यस आयोजना निर्धारित समयमै सम्पन्न गर्न सरकारले आवश्यक साधनस्रोत उपलब्ध गराउनुपर्नेमा जोड दिए । द्रुतमार्ग २०८३ चैत मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य लिइएको छ । आयोजनालाई विभिन्न १३ वटा प्योकजमा छुट्याएर निर्माण काम भइरहेको छ । प्रस्थानबिन्दु ललितपुरको खोकना र अन्तिमबिन्दु बाराको निजगढ रहेको सो सडकको कूल लम्बाइ ७० दशमलव ९७७ किलोमिटर छ ।

द्रुतमार्ग पहाडी भू-भागमा २५ मिटर र तराई भू-भागमा २७ मिटर फराकिलो हुनेछ । आयोजनाअन्तर्गत् ललितपुरमा नौ, काठमाडौंमा चार दशमलव छ, मकवानपुर ४९ दशमलव ७७ र बारामा सात दशमलव सात दशमलव छ किमि सडक रहनेछ । द्रुतमार्गमा १० दशमलव ३०९ किमि लम्बाइको छ वटा सुरुङ रहनेछ । यो सडकमा विभिन्न स्थानमा कूल १२ दशमलव ८८५ किमी लम्बाइको ८९ वटा पुल निर्माण भइरहेको छ ।

मन्त्रिपरिषद्को २०७४ वैशाख २१ गतेको निर्णयानुसार यो आयोजना निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई दिइएको हो । एसियाली मापदण्डका आधारमा निर्माण भइरहेको सो सडक आयोजनाको कूल लागत दुई खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ रहेको छ । यो आयोजनामा हालसम्म ६४ अर्ब ६२ करोड खर्च भइसकेको छ । सांसद चित्रबहादुर केसीले काठमाडौंमा बसेर गरिएको अन्दाजभन्दा सडक निर्माणमा भएको प्रगति भिन्न रहेको प्रतिक्रिया दिए ।

# बागमतीमा ५ हजार ५०३ हेक्टर धान खेतीमा क्षति, मकवानपुरमा बढी

हेटौंडा, २८ कात्तिक/ बागमती प्रदेशमा विपद्का कारण ५ हजार ५०३ हेक्टर धानखेतीमा क्षति पुगेको छ । प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रदेशका विभिन्न जिल्लामा विपद्का कारण सो हेक्टर धानखेतीमा क्षति पुगेको जनाएको छ ।

मन्त्रालयका प्रवक्ता सुजन कँडेलका अनुसार, प्रदेशको मकवानपुर, नुवाकोट, ललितपुर, काभ्रे, रामेछाप, सिन्धुली र धादिङ लगायतका जिल्लामा विपद्का कारण सबैभन्दा बढी धानखेतीमा क्षति पुऱ्याएको हो । तीमध्ये सबैभन्दा बढी मकवानपुरमा लगाइएको धानखेतीमा क्षति पुगेको छ । कुल २४ हजार २४७ हेक्टर क्षेत्रफलमा शतप्रतिशत धान रोपाइँ भएको मकवानपुरमा २ हजार ९०२ दशमलव ८३ हेक्टरमा लगाइएको धान खेतीमा क्षति पुगेको हो । यसैगरी, ११ हजार ८८ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको सिन्धुलीमा ८५५, ९ हजार ९४७ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको काभ्रेमा ६०२ दशमलव १, ४ हजार १६३ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको ललितपुरमा २११ दशमलव ५, ११ हजार १०९ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको नुवाकोटमा १९८ दशमलव २२५ हेक्टर क्षेत्रफलमा लगाइएको धान खेतीमा विपद्का कारण क्षति पुगेको छ ।

# महिलाअधिकार महासन्धीबारे प्रदेशस्तरीय बहस

साझाकुरा संवाददाता

हेटौंडा, २८ कात्तिक/ हेटौंडामा महिलाअधिकार महासन्धी छाँया प्रतिवेदनको लागि बागमती प्रदेशस्तरीय छलफल तथा सुझाव संकलन कार्य भएको छ ।

महिला कानुन र विकास मञ्च (एफडब्लुएलडी)को आयोजनामा भएको कार्यक्रममा बागमती प्रदेश क्षेत्रका महिला अधिकारकर्मी, कानुनविध सहितको सरोकारवालाको सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्दै अधिकारकर्मीले बागमती प्रदेश क्षेत्रमा महिला, बालबालिका, अपाङ्गता भएका महिला, दलित तथा पछि पारिएको समूदायको महिला र लैंगिक तथा अल्पसंख्यक महिलाको सबालमा छाँया प्रतिवेदनमा सहभागी गराउनुपर्ने बुँदाहरुबारे बहस गरिएको थियो ।

सरकारले जारी गर्ने प्रतिवेदनले समग्रतामा सबै विषयहरु उठान गर्ने संभावना न्युन रहने हुँदा गैरसरकारी सस्थाहरुको सक्रिय सहभागितामा छाँया प्रतिवेदन तयार पार्नको लागि प्रदेशस्तरीय गोष्ठीको आयोजना गरिएको हो ।

गोष्ठीमा बोल्दै बरिष्ट अधिवक्ता मीरा ढुंगानाले महिलाको सबालमा राज्यले हेर्ने दृष्टिकोण र समानुपतिक सहभागिताको सुनिश्चितताको लागि यस्ताखाले कार्यशालाले महत्वपूर्ण सहयोग गर्ने बताइन् ।

कार्यक्रममा आफ्नो धारणा राख्दै अधिकांश अधिकारकर्मीले महिलाको हकअधिकारको सबालमा राज्य अझै जिम्मेवार बनिनसकेकोले गैरसरकारी क्षेत्रबाट निरन्तर खवरदारी जारी राख्नुपर्ने बताए ।

राज्यले प्रत्यायोजन गरेको अधिकार कागजमा मात्र सीमित भएको भन्दै अधिकार प्राप्तिको लागि खबरदारी, बहस तथा पैरवी आवश्यक रहेको उनीहरुको धाराणा थियो ।

कार्यक्रममा बोल्दै अधिवक्ता सागर पाठक्ले सरकारले आवधिक प्रतिवेदन बुझाइसकेको अवस्थामा सरकारी तवरबाट छुटेको तथा थप गर्नुपर्ने विषयलाई गैरसरकारी क्षेत्रबाट समावेश गरेर प्रतिवेदन तयार परिने बताए ।

# मोटरसाइकल सबैभन्दा ढिलो चलाएर कार्कीले जिते पुरस्कार

साझाकुरा संवाददाता

हेटौंडा, २८ कात्तिक/ चैनपुर जेसीज मनहरीको जेसीज सप्ताहअन्तर्गत बुधवार आयोजित बिस्तारै मोटरसाइकल चलाउने प्रतियोगितामा सुरज कार्की प्रथम भएका छन् ।

१४ सहभागीलाई अघि लगाउँदै ढिलोसम्म मोटरसाइकल चलाएर उनले प्रथम स्थान हासिल गरेका हुन् । प्रतियोगितामा अनिल थापा द्वितीय र निमेष केसी तृतीय भए । मोटरसाइकल बिस्तारै चलाएर पनि पुरस्कार जित्न सकिन्छ र गन्तव्यमा पुग्न सकिन्छ भन्ने सन्देश दिनका लागि प्रतियोगिता आयोजना गरिएको जेसीज सप्ताह मूल कार्यक्रम संयोजक कार्यकारिणी उपाध्यक्ष सुरेश गौतमले जानकारी दिए ।

कार्यक्रम संयोजक मनिष पौडेलको संयोजकत्व एवम् चैनपुर जेसीज मनहरीका अध्यक्ष रविन ढकालको अध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका-४ का वडाअध्यक्ष प्रकाश थापाको प्रमुख आतिथ्यता रहेको थियो । वडाअध्यक्ष थापाले पछिल्लो समय तीव्रगतिमा मोटर साइकल चलाएकै कारण धेरै युवाले अकालमा ज्यान गुमाइरहेको स्मरण गर्दै यस्ता कार्यक्रमले सचेतना फैलाउन मद्दत पुग्ने बताए । जेसीजसँगको सहकार्यमा खुला फुटबल प्रतियोगिता समेत सन्चालन भैरहेको भन्दै उनले आगामी दिनमा समेत जेसीजसंग सहकार्य जारी राख्ने बताए ।

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५७०००३३०६ | विशाल दाहाल | हेटौंडा-०४, मकवानपुर |
| २ | PLI१०१००००६५७ | सुर्य बहादुर थिङ | थाहा-०७, मकवानपुर |

## कर्मचारी आवश्यकता

यस सहकारी संस्थाका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता भएकोले योग्यता पुगेका नेपाली नागरिकले सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तह** : ४ (चौथो)
**पद** : कार्यालय सहायक
**शैक्षिक योग्यता** : न्यूनतम, +२ (व्यवस्थापन संकाय, विज्ञान संकार्य वा अर्थशास्त्र, गणित वा कम्प्युटर मुख्य विषय लिई कुनै पनि संकायमा +२ प्रथम श्रेणीमा उत्तीर्ण)
**उमेर** : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
**आधारभूत तलब** : रु. २१,२७५।००
**भत्ता** : रु. १०००।०० + रु. ५००।०० एक जार शुरुबाट नै पाउने (बाँकी परीक्षण काल पछि)
**अन्य सुविधा** : एक महिनाको तलब मेडिकल सुविधा, एक महिनाको दशै र नाफाको आधारमा बोनस परीक्षण काल पछि
**परीक्षण काल** : १ वर्ष
**विशेष क्षमता** : कम्प्युटर डिप्लोमा हुनुपर्ने, Word, Excel तथा Power point मा राम्रो क्षमता भएको ।
**पेश गर्न पर्ने कागजात** : शैक्षिक योग्यताको प्रमाण पत्र, चारित्रिक प्रमाण-पत्र, नागरिकता र तालिमको पमाण-पत्र
**परीक्षाको किसिम** : लिखित, मौखिक तथा प्रयोगात्मक
**दरखास्त खुल्ला मिति** : २०८१।०७।२८
**दरखास्त अन्तिम मिति** : २०८१।०८।१२ कार्यालय समय भित्र
**लिखित परीक्षा** : २०८१।०८।१४
**मौखिक तथा प्रयोगात्मक** : २०८१।०८।१५
**नतिजा प्रकाशन** : २०८१।०८।१६
**परीक्षा दस्तुर** : रु. १०००।००

**साइराम बचत तथा ऋण सहकारी संस्था लि.**
सम्पर्क नं. : ९८४५२८८३२४

*आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो*
*इन्द्रै विन्ती गरुन् झुकेर पदमा यो विन्ती मान्दैन त्यो*

# हार्दिक समवेदना



जन्मः २००८/११/११

स्वर्गारोहणः २०८१/०७/१०

**स्व. राम बहादुर लो**

यस KTM–HTD ग्रुपका सदस्य प्रिय मित्र **श्याम कुमार** लोज्यूका पूजनीय पिता **रामबहादुर लो**को मिति २०८१/०७/१० गते शनिबारका दिन असामयिक स्वर्गारोहण भएकोमा हामी ज्यादै मर्माहत् भएका छौं । शोकको यस घडिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

| | | | | |
|---|---|---|---|---|
| सविन लामा<br>हे.उ.म.न.पा.-१० | श्रृजन श्रेष्ठ<br>हे.उ.म.न.पा.-५ | रुपकराज दाहाल<br>हे.उ.म.न.पा.-४ | कर्मठ तामाङ्ग<br>हे.उ.म.न.पा.-१० | जनक भण्डारी<br>हे.उ.म.न.पा.-१६ |
| विश्व सिं रुम्बा<br>हे.उ.म.न.पा.-८ | दिलिप रिमाल<br>हे.उ.म.न.पा.-४ | रवि नकर्मी<br>हे.उ.म.न.पा.-४ | राजन न्यौपाने (कुल)<br>ललितपुर | दिपेश जोशी<br>काठमाडौं |

**KTM–HTD ग्रुप, परिवार**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना